## रिब्दीकोट गाउंपालिका र कृषि बिकास बैंक लिमिटेड पालुङ्गमैनादी, पाल्पा बीचको सम्झौता पत्र

लिखितम रिब्दीकोट गाउँपालिका, खस्यौली, पाल्पा (जसलाई यस सम्झौतामा गाउँपालिका भनिएको छ) १ र बैंक तथा बित्तीय संस्था सम्बन्धी ऐन २०७३ अन्तर्गत संचालित काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. ११, रामशाहपथ स्थित कृषि बिकास बैंक लिमिटेड, मुख्य कार्यालय (जसलाई यस सम्झौतामा बैंक भनिएको छ) १ समेत दुवै पक्षका बीचमा रिब्दीकोट गाउँपालिकामा बसी यो सम्झौता गरि दुवै पक्षले एक/एक प्रति बुझि लियौं/दियौं । गाउँपालिका र बैंक बीच सम्झौता पत्रमा हस्ताक्षर भए पश्चात यो सम्भौता पत्र लागू हुनेछ ।

**उद्धेश्य :** रिब्दीकोट गाउँपालिका क्षेत्रका कृषि तथा पशुपन्छीजन्य क्षेत्रको व्यवसाय प्रवर्द्धन गरी उत्पादन एवं रोजगारी अभिवृद्धि गर्न, शिक्षित बेरोजगार युवाहरुलाई मुलुकभित्र रोजगारीका अवसरहरु सिर्जना गर्न, बिदेशबाट फर्केका युवाहरुको विदेशमा आर्जन गरेको सीप र व्यवसायीक दक्षता उपयोग गर्दै उनीहरुलाई स्वरोजगार बनाउन, महिला उद्यमशील क्षमताको विकास गर्न दलित समुदायको परम्परागत सीप र पेशालाई आधुनिकिकरण एवं प्रवर्धन गरी उद्यमशीलता विकास गर्न, वित्तीय पहुंच तथा साक्षरता विस्तार गर्दै कृषि बिकास बैंक लिमिटेड र रिब्दीकोट गाउंपालिकाको सहकार्यमा यस क्षेत्रको आर्थिक विकासमा महत्वपुर्ण योगदान पुऱ्याउनु यस सहमती पत्रको मुख्य उदेश्य रहेको छ ।

### लागु हुने सर्तहरुः

१. सर्वप्रथम रिब्दीकोट गाउँपालिकाले सहुलियतपुर्ण कर्जा आवेदनको लागि सुचना प्रकाशन गरे पश्चात गाउँपालिकामा आएका आवेदनहरु मध्येवाट गाउँपालिकाले सिफारिस समिति र छनौट समिति निर्माण गरी योग्य उद्यमी एवं व्यवसायीहरु तयार गर्ने गरी उक्त निवेदनहरुबाट बैंकमा कर्जाको लागि सिफारिस गर्नेछ ।

२. बैंकमा आएका सिफारिसहरु लाई बैंकले आफ्नो **"कर्जा कार्यविधि २०७३"**, समय समयमा बिभाग बाट गरिएका परिपत्रहरु र विभिन्न ऐन, निती, नियम, विनियम तथा कार्यविधि बमोजिम सम्पूर्ण प्रक्रियाहरु पुरा गरि धितो निरिक्षण गर्ने, मुल्यांकन गर्ने तथा अन्य आवश्यक विश्लेषण गर्ने र क-कसलाई के-कती कर्जा लगानी गर्ने वा नगर्ने बारेमा बैंक स्वयमले निर्णय गर्नेछ ।

३. कर्जा लगानी सम्वन्धी निर्णय गरे पश्चात सो बारेमा गाउँपालिकालाई बैंकले जानकारी गराउने छ र गाउँपालिकाले समेत कर्जा पाउन सक्ने व्यक्ति/फर्म/व्यवसायहरुको आवश्यक स्थलगत निरिक्षण गर्नुपर्नेछ ।

४. कर्जा लगानी गर्नको लागि व्यक्ति/फर्म/व्यवसाय बाट बैंकले आवश्यक सम्पूर्ण कागजातहरु लिनेछ र सम्पूर्ण प्रक्रियाहरु पुरा गरि कर्जा लगानी गर्नेछ ।

उप-शाखा प्रबन्धक

रिब्दीकोट गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, खस्यौली पाल्पा, ५ नं. प्रदेश नेपाल, २०७३

प्रमुख प्रशासकीय अधिकृत

५. कर्जाको व्याजदर नेपाल राष्ट्र बैंकले जारी गरेको व्याजदर "सहुलियतपुर्ण कर्जाका लागि व्याज अनुदान सम्बन्धी एकिकृत (दोस्रो संसोधन) कार्यविधि, २०७६" बमोजिम कृषि बिकास बैंक लिमिटेडको आधार दरमा २ % प्रिमियम दर थप गरी हुन आउने व्याजदर कायम हुनेछ । सो कार्यविधि बमोजिम असल बर्गमा परेका ऋणीहरुलाई व्याजदरमा ५%, (महिला उद्यमशील कर्जाको हकमा ६%) सहुलियत दिईने छ । कृषि बिकास बैंक लिमिटेडको आधार दरमा परिवर्तन भएमा व्याजदर पनि सोही अनुसार परिवर्तन हुनेछ । सोको जानकारी बैंकले गाउँपालिकालाई दिनेछ । ब्याजदरमा सहुलियत प्रत्येक ग्राहकले शुरुको ५ बर्ष सम्म मात्र प्राप्त गर्न सक्नेछन् ।

६. कर्जा प्रवाह भए पश्चात कर्जामा ब्याज लाग्न शुरु हुनेछ । स्वीकृत कर्जा रकम मध्ये व्यक्तीको हकमा न्यूनतम ५० हजार देखी बढीमा ५ लाख सम्म र कृषी तथा पशुपालन फर्मको हकमा न्यूनतम रु १ लाख देखी १० लाख सम्मको सम्पूर्ण ब्याज मध्ये सहुलियत अनुदान बाहेक ऋणिले व्यहोर्नु पर्ने ब्याज रकम आ.व. २०७७/७८ असार सम्म रिब्दीकोट गाउँपालिकाबाट बैंकले असुल गर्नेछ तर आ.व. २०७७/७८ पछि को ब्याज रकम ऋणि स्वंयमले भुक्तानी गर्नेछ । आ.व. २०७७/७८ पछि गाउँपालिकाले सो ब्याज रकम बुझाउन चाहेमा पुन सम्झौता गरिनेछ । तर स्वीकृत कर्जा को सम्पूर्ण किस्ता रकम वा सांवा रकम शुरुदेखि नै ऋणि स्वंयमले भुक्तानी गर्नेछ । साथै कर्जा स्वीकृत पश्चात कर्जा ग्राहकले सांवा किस्ता नियमीत भुक्तानी नगरेमा त्यस वापत लाग्ने सम्पुर्ण व्याज हर्जाना कर्जा ग्राहक स्वंयमले व्यहोर्नु पर्नेछ र गाउपालिकाले दिने अनुदान व्याज रकम सबै रोकिनेछ ।

७. ऋणको लागि पहिलो चरणमा गाउँपालिकामा आवेदन दिने आवेदकहरुलाई बैंकिङ्ग कार्यमा सहयोग हुने गरी गाउँपालिकाले कृषि बिकास बैंक लिमिटेडसंग समन्वय गरी आवेदकहरुका निमित्त वित्तीय साक्षरता कार्यक्रम र सहुलियतपुर्ण कर्जा कार्यक्रमसम्बन्धी अभिमुखिकरण कार्यक्रम संचालन गर्न अनुरोध गर्न सक्नेछ ।

८. गाउँपालिकाको सिफारिसकर्जा लिएका व्यक्ति वा फर्म कसैले साँवा, व्याज नियमित नगरेमा बैंकलाई उक्त साँवा, व्याज रकम उठाउन बैंकको अनुरोधमा गाउँपालिकाले गाउँपालिका सम्बन्धि सेवा सुविधाहरुमा बन्देज लगाउन तथा कालो सुचिमा राख्न सक्नेछ ।

९.बैंकबाट कर्जा लिए पश्चात उक्त कर्जाको उपयोग कर्जाको लागि माग भई आएको उदेश्यमा भए नभएको कुरा निरीक्षण गर्ने कार्यमा गाउँपालिकाले बैंकलाई सहयोग गर्नुपर्नेछ ।

१०. गाउँपालिकाको सिफारिसमा आएका कर्जाहरुलाई बिशेष प्राथमिकतामा राखी **प्रथम आगमन प्रथम निकासा (FIFO)** सिद्धान्त अनुरुप बैंकले कर्जा प्रकृया अगाडि बढाउनेछ ।

शाखा प्रबन्धक

रिब्दीकोट गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय खस्यौली, पाल्पा ५ नं प्रदेश, नेपाल

प्रशासकीय अधिकृत

११. गाउँपालिकाबाट सिफारिसमा आएका कर्जाहरुलाई बिशेष प्रस्ताव तथा ग्राहकहरुलाई बैंकले कर्जा युनिटमा छुट्टै कर्मचारी व्यवस्था गरी सहज सेवा प्रदान गर्नेछ ।

१२. यस सम्झौतामा उल्लेख नभएका बिषयमा प्रचलित कानुन बमोजिम हुनेछ ।

१३. यो सम्झौतामा उल्लेख गरिएका बुँदाहरु आकर्षित हुने र खारेज हुने गरी नेपाल सरकारले कुनै निर्णय गरेमा सोही बमोजिम हुनेछ ।

१४. यो सम्झौतामा केही विषय थपघट गर्नुपरेमा दुवै पक्षको आपसी सहमतीमा गरिनेछ ।

..........................
राजाराम मल्लाह
शाखा प्रबन्धक
कृषि बिकास बैंक लिमिटेड
शाखा कार्यालय पालुङ्गमैनादी,
पाल्पा
**(बैंकको तर्फबाट)**

..........................
प्रेमचन्द्र अर्याल,
प्रमुख प्रशासकीय अधिकृत
रिब्दीकोट गाउँपालिका
खस्यौली, पाल्पा
**(गाउँपालिकाको तर्फबाट)**

**साक्षी :** ..........................

लक्ष्मण रायमाझी,
लेखापाल
कृषि बिकास बैंक लि., पालुङ्गमैनादी, पाल्पा ।

**साक्षी :** ..........................

**मञ्जु पन्थी**
लेखा अधीकृत
रिब्दीकोट गाउँपालिका, खस्यौली, पाल्पा ।

**ईति सम्बत २०७७ आश्विन १५ गते रोज ५ शुभम् ।**